# नवदुर्गा गाउँपालिकाको

# सातौं गाउँसभामा

प्रस्तुत नीति तथा कार्यक्रम

२०७७/७८

# नवदुर्गा गाउँपालिकाको सातौ गाउँ सभामा गाउँपालिका उपाध्यक्ष श्री डम्वरी देवि ओली ज्यूवाट प्रस्तुत नीति तथा कार्यक्रम २०७७

अध्यक्ष महोदय,

सम्मानित सातौं गाउँसभाको यस क्षणमा सर्वप्रथम मुलुकको सार्बभौमिकता लाई अक्ष्युण राख्न इतिहासका बिभिन्न कालखण्डमा देश र जनताका निम्ती आफनो ज्यान बलिदानी गर्नु हुने ज्ञात अज्ञात र मुलुकलाइ यहाँ सम्म ल्याई पुरयाउनमा मृत्यु बरण गर्नु हुने महान  शहिदहरु प्रति भावपूर्ण श्रर्द्धाञ्जली अर्पण गर्दै बिभिन्न कालखण्डमा राष्ट्र निर्माणका कममा घाईते, अपांगता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा परिवारजन बेपत्ता र तिनका परिवारजनहरुलाइ पुनः स्मरण गर्दै सत्य निस्पक्ष मन वचन र कर्मले सदा जनताको सेवामा सर्मपण हुनेछु भनि प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, ऐतिहासिक जन आन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभावाट पारित नेपालको संविधान २०७२ को कार्यान्वयन स्वरुप बि.सं.२०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत नेपालको इतिहासमा पहिलोपटक गठन भएको ऐतिहासिक स्थानिय सरकारको गाउँसभामा नवदुर्गा गाउँपालिकाको नीति तथा कार्यक्रम चौथो पटक प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु ।

बितेका बर्षहरु अभ्यासका वर्षका रुपमा बिभिन्न कार्यहरु तथा कानुन निर्माण अवलम्वन गर्दै व्यतित भएका ऐन कानुन विद्यमान नरहेको अवस्था तथा कानुन निमार्ण एवं कार्यान्वयनका चुनौतीहरुको सामनाका वर्षका रुपमा व्यतित भए । जनताको विकास प्रतिको चाहना अत्यन्त आशावादी रहेको एवम शुरुका वर्षहरुमा अन्यौलताका विचवाट गुर्जिनु पर्ने विवसता हुदा हुदै पनि केही उल्लेख्य प्रगति हासिल भएका छन । आफना ऐन कानुन तथा निति नियम समेत आफै तयार गरेर कार्यानवयन मा जानु पर्नेमा प्रयाप्त र दक्ष जनशक्तिको अभावमा केहि महत्तवपुर्ण सिकाइका बाबजुद पनि उल्लेख्य प्रगतिहरु हासिल भएका छन । बिकासको मुल आधारको रुपमा रहेको सडक संजालबाट गाउँपालिकाका सबै वडाहरु एक अर्कामा जोडिएका छन । बिद्यालय भौतिक पुर्वाधारमा उल्लेख्य सुधार भएको छ ,कृषि पशुपालनमा आधुनिकीकरण सहित कृषकलाई उनिहरुको चाहना बमोजिमको आय आर्जनका लागी अनुदानको ब्यबस्था भएकै कारण

थोरै भु भागमा भए पनि कृषिमा व्यसायीकरण र बजारीकरण भएको महशुस गरेको छु । गाउँपालिकाले आफ्नै भवन निमार्ण गरि सेवा प्रवाह सोही स्थानवाट गरेको छ भने चालु आ.व.मा सुविधा सम्पन्न आफनै प्रशासनीक भवनको निर्माण कार्यका लागि आवश्यक प्रकृया अगाडी बढाइएको छ । साना तथा ठुला खानेपानी आयोजनाहरु निर्माण भएका छन । बृहत खानेपानी आयोजनाहरु निर्माण भएका छन तथा ठुला एवं बृहद खानेपानी आयोजनाहरु निर्माणका चरणमा रहेका छन । प्रयाप्त मुलको संभावना नै नरहेका स्थानहरुमा लिफ्टका माध्यमबाट खानेपानी आयोजना निर्माण गरिएका छन । त्यस्तै सिंचाइ तर्फ समेत साना तथा ठुला आयोजनाको निर्माण भएको छ र साना सिंचाइ पुर्वाधारको निर्माण गरिएको छ ।

नेपालको राजनैतिक ईतिहासमा राजनैतिक व्यवस्था परिवर्तनको लागि जनताहरुले सामना गर्नु परेको १०४ वर्षे जहानियाँ राणा शासन, ३० वर्षे पञ्चायती शासन, वहुदलिय प्रजातान्त्रिक व्यवस्था, शसस्त्र संघर्षले निम्त्याएको १२ वर्षे जनयुद्दकालीन संक्रमणकाल व्यतित हुदै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने क्षण सम्म आईपुग्न नेपाली जनता पटक पटक आन्दोलित हुनु परेको दशकौ वितेको छ । यसको उपलब्धिको रुपमा सार्वभौम अधिकार सम्पन्न संविधान सभाले नेपाली जनताको अधिकारहरु संस्थागत गर्दै नेपालको संविधान २०७२ जारी भएसंगै अधिकार प्राप्तिको राजनीतिक संघर्ष समाप्त गर्दै संविधानको कार्यान्वयन मार्फत आर्थिक समृद्धिका लागि जुट्ने अवसर प्राप्त भएको छ । लामो द्वन्द्ध, अस्वस्थ राजनीतिक प्रतिस्पर्धा र अस्थिरतामा गुज्रिएको नेपाली समाजलाई दीगो आर्थिक समृद्धिको लक्ष्यतर्फ डोऱ्याउनु पर्ने आवश्यकताको माझ **“शिक्षा स्वास्थ्य कृषि पर्यटन र पुर्वाधार नवदुर्गा गाउँपालिका विकासको मुल आधार”** मुल मन्त्र सहित आ.व. २०७६।०७७ लाई गाउँपालिका निर्माण बर्षको रुपमा अगाडी सार्दै गरेको सन्दर्भमा आ.व.को मध्यअवधी ब्यतित नहुदै आज हाम्रै पुस्ताले विश्वब्यापी रुपमा नोवल कोरोना भाइरस कोभिड १९ को कहरमा मुलुक फस्न पुग्यो र कहिले सम्म यस बिषम परिस्थितीको सामना गर्नु पर्ने भन्ने भयको समेत एकिन नहुदा नहुदै पनि यस ऐतिहाँसिक सातौ गाउँसभामा गाउँपालिकाको निती तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अध्यक्ष महोदय,

- नोवल कोरोना भाइरस कोभिड १९ बाट यतिवेला समग्र विश्व आकान्त बनेको छ जस बाट हाम्रो मुलुक पनि अछुतो रहन सकेको छैन र हाम्रो नवदुर्गा गाउँपालिका समेत मैले सम्मानित गाउँसभा समक्ष यो निती तथा कार्यक्रम प्रस्तुत हुदाका बखत सम्म ४३ जना हाम्रो गाउँपालिकाका नागरिकहरु कोराना पुष्टि भइ सकेका छन भने संक्रमित मुलुक भारत बाट स्वदेश फर्किनेको लर्को अझै घटन सकेको छैन औषतमा एक दिनमा ८ देखि १५ जना सम्म दैनिक हाम्रो गाउँपालिकामा हाम्रा नागरिकहरु भित्रिरहेका छन र सोही नागरिकहरुमा मात्र यतिवेला संक्रमण पुष्टि भएको पाइएको छ । सर्तकताका उपायहरु अवलम्वन गरिएन भने सामुदायीक संक्रमणको उच्च जोखिममा हामी यतिवेला उभिएका छौ । यसरी हामी कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका उपायहरुको खोजीमा मात्र केन्द्रीत हुदै कोरोना कहरको दलदलमा फसेको अवस्था छ ।
- नेपालको संविधानले तीन तहको स्थानीय सरकारको व्यवस्था गरेसंगै जनताको नजिकको सरकारको रुपमा स्थानीय तहले स्थानीय सरकारको रुपमा संवैधानिक अधिकार प्राप्त गरेको तीन बर्ष ब्यतित गरेको छ । यस अवधिमा हाम्रो कार्य मुलतः आफना ऐन कानुन र दिसा निर्देशमा मात्र केन्द्रित भयो भन्नेमा आशक्ति नहोला ,हामीले यो अवधीमा बिभिन्न २९ वटा कानुनहरु निर्माण गरेका छौ भने १३ वटा कार्यबिधि ,निर्देशिका र मापदण्डहरु निर्माण गरेका छौ । यीनै कानुन तथा मार्गदर्शनहरुको अधिनमा रहि आगामी कार्यदिशा स्पष्ट भएको र हाम्रो मार्ग प्रशस्त भएको कुरा सम्मानित गाउँसभामा ब्यक्त गर्न चाहन्छु ।
- स्थानिय सरकारले मुर्तरुप पाएको यो तीन बर्षको अवधीमा सिकाइमा रहेका बिकासका अवधारणाहरु र जनताका चाहनाहरु हाम्रा लागि मार्गदर्शनको रुपमा संस्लेषित भएका छन । यीनै संस्लेषित मार्गदर्शनहरु सिकाइ अनुभुतीहरुको तालमेल गरि गाउँपालिकाको समग्र र सर्बोपरि एबं सर्बाङगीण दिगो बिकासका लागि अध्ययन अनुसन्धान र बिस्त्रीत सर्भेक्षण सम्पन्न गरि पटके र मौसमी बिकासे भेलको रोकथाम गरि दिर्घकालिन र दिगो बिकास को अवधारणालाइ आत्मसात गर्दै ठुला तथा बहुसंख्यक जनताहरुलाइ लागत लाभको प्रतिफलबाट मनग्य लाभ लिन सक्ने गरि गाउँपालिकाको समग्र बिकासको गतीलाइ तिव्र गर्न सकिने स्पष्ट दिसा हाम्रा सामु प्रष्ट भएको छ ।

१) मुलभुत नीतिहरु

- कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठनले अघि सारेका रोकथामका उपायहरु मध्ये क्वारेन्टाइन व्यवस्थापन,आइसोलेसन सेन्टरहरु निर्माण तथा राहतका कार्यक्रमहरुमा जोड दिने निती लिइने ।
- कोरोना पुष्टी सहित कोरोनाका कारण मृत्यु भएकाहरुको हकमा शव व्यवस्थापन कार्यविधि वमोजिम शव व्यवस्थापन गरी उचित काजक्रिया खर्चको व्यवस्था मिलाईनेछ ।
- आर्थिक विकासमा जोड दिदै जनताको जिवनस्तर सुधार हुने उत्पादन मुलक छिटो प्रतिफल प्राप्त  हुने खालका रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइने ।
- आ.व. २०७७०७८ मा आवश्यकताका आधारमा सवैका लागि खानेपानी पुरयाउन जोड दिईनेछ ।
- सेवा प्रबाहलाइ सूचना तथा संचार प्रविधिसंग आवद्ध गर्दै पारदर्शि र शुसासन युक्त सेवा प्रवाहमा जोड दिइने ।
- गाउँपालिकाको वार्षिक क्यालेन्डर तयार गरि सोही मुताविक आ.व.को अन्तमा मात्र आयोजना सम्पन्न गराउने प्रवृतिको अन्त्य गरिने ।
- गाउँपालिकामा संचालित ठुला तथा साना विकास आयोजना कार्यक्रमलाइ परिणाममुखि र यथार्थपरक बनाउन सघन अनुगमन कार्य लाई निरन्तरता दिइने ।
- राष्ट्रले लिएका महत्त्वपुर्ण नितिहरु स्वरोजगार निति प्रधानमन्त्री रोजगार कार्यक्रम ,सामाजिक सुरक्षा नितीलाई सफल पार्न परिणाममुखि कार्यक्रमहरुमा जोड दिईने ।
- ठुला पुर्वाधार आयोजनाको गुणस्तरीयता,दिगोपना र आवश्यकताको परिपुर्तिलाई मध्यनजर गरि बिस्तृत लागत सर्भेक्षण सँगै वहुवर्षिय आयोजनाहरु कार्यान्वयनमा लगिने निती अवलम्वन गरिनेछ ।
- स्थानिय विकास योजनाको अवधारणा अनुरुप आवश्यक आयोजनाहरुको पहिचान,मुल्याङकन तथा प्राथमिकीकरण गरि आयोजना बैङ्क तयार पारी आफ्नो स्रोत बाट सम्पन्न गर्न सकिने,केन्द्र तथा प्रदेश सरकार मार्फत सम्पन्न हुने र बैदेशिक सहयोग आवश्यक पर्ने आयोजनाहरुको बर्गिकरण गरि आयोजना बैङ्क तयार पार्ने र क्रमशःकार्यान्वयन गर्दै जाने निती अवलम्वन गरिनेछ ।

– सामाजिक परिचालन मार्फत लक्षित,बिपन्न तथा सिमान्तिकृत बर्गको सशक्तिकरण, उत्थान र मुलप्रवाहीकरणमा जोड दिइने ।

– विश्वब्यापी महामारीको कममा स्वदेश भित्रिएका युवाहरुका लागि स्वरोजगार मुलक अनुदानका कार्यकमहरुमा जोड दिइने ।

– विकास प्रशासनमा शुसाशन प्रबर्दनका लागि सार्वजनिक सुनुवाई,सार्वजनिक परिक्षण,नागरिक हेल्प डेस्क,गुनासो सुनुवाइ ब्यबस्थापन जस्ता कार्यकमलाई निरन्तरता दिन कोरोना कहरका वावजुत मिडियाका माध्यमबाट पारदर्शिताको सुनिश्चितता गरिने ।

– गाउँपालिकाको आर्थिक समाजिक विकास र समृद्धिको लागि राजनीतिक दल,करदाता, समाजसेवी, बुद्धिजिवि, नागरिकसमाज निजि क्षेत्र सहकारी क्षेत्र लगायत सम्पुर्ण जनताको सल्लाह र सुझाव लिदै बिकासका लागि हातेमालोमा जोड दिइने छ ।

– गाउँपालिकामा रहेको न्यायिक समितीलाई मेलमिलापका माध्यमबाट बिवाद समाधान गर्न न्यायिक समितीको क्षमता बिकासमा जोड दिदै देवानी संहिता ऐनमा ब्यवस्था भएका ब्यवस्थाहरुको जानकारी सहित झल्किने खालका भित्तेलेखन ,फल्याक्स बाट प्रचार प्रशार गर्दै सचेतनामुलक गतिबिधीहरुमा जोड दिई अपराध रहित समाज निर्माणमा न्याय समितीको भुमिकामा जोड दिईने कार्यक्रमझाई निरन्तरता दिईनेछ ।

– शुसासन तथा पारदर्शिताका लागि सुचना प्रविधिको प्रयोग मार्फत मोवाइल एप,वोइवसाइट, पोर्टल र फेसवुक पेजका माध्यमबाट हातहातमा गाउँपालिकाका गतिबिधि पहुच पुरयाइनेछ ।

– यस गाउँपालिकालाई मदिरा निषेधित क्षेत्र घोषणाका लागि आवश्यक छलफल तथा वहसबाट सरोकारवाला सवैको सहयोगमा मदिरा निषेधित गाउँपालिका घोषणा गरिनेछ ।

## पुर्वाधार विकास

**सडक पुर्वाधार :**

- जिल्ला यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा रहेको पोखरा बेलापुर सडक गाउँपालिकाको समन्वय एवं गाउँपालिकाको विशेष पहलमा प्रदेश सरकारवाट गौरवको योजनामा स्वीकृत भई आ. व. २०७६।०७७ मा नै सडक कालोपत्रेको कार्य अगाडी बढेको छ साथै स्तर सुधार गर्दै गाउँपालिकाको आफनो श्रोत बाट बिग्रे भत्केका संरचनाको मर्मत संभार यसै बर्ष सम्पन्न गरिने छ ,सडक यातायातमा अत्यन्त जोखिम युक्त स्थानहरुमा

ढलान गर्ने कार्य सम्पन्न गरिने छ अतिक्रमणमा परेका सडक सिमाहरु तत्काल हटाउन कायम गरिएको सडकको क्षेत्राधिकार कार्यान्वयन गरि निर्मित घर टहरा हटाउने कारबाही अगाडी बढाइनेछ,सडक छेउछाउ ढुङ्गा निकाल्ने माटो खन्ने तथा रुख बोट बिरुवा कटानी गर्ने कार्य बन्द गरिने छ । रुडुवा बडम फिन्देउ सडक, खसरेखान बेलापुर सडक, घुप्ताखान डाडावन सडक, धनकाट कोटेली निन्तोला चोरा सडक, विप्पेकटाल हतास चामा चौड ढुंगाड सडक, बेलापुर सुवाकोट गिल्ला मम्मे कोराल सडक वडा नं. ४ र ५ जोड्ने सडकहरुलाई स्तर उन्नती गर्दै बाह्रै महिना सडक संचालनमा ल्याउन मर्मत सम्भार समुह मार्फत साना मर्मतका कार्यहरु मा निरन्तरता दिईनेछ । बढी भु क्षय हुने खालका सडक खन्न निरुत्साहित गर्ने, कार्य सम्पन्न भइ गाडी संचालनमा रहेका सडकहरुलाइ बाह्रै महिना संचालन गर्न प्रधानमन्त्री रोजगार अन्तरगत गठित श्रमिक समुहहरु परिचालन गरि सडकहरु बाह्रै महिना सुचारु गर्ने ब्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र संग आवद्धहुने गरि सडक निर्माणको कार्यलाइ प्राथामिकता प्रदान गर्दै ब्यवस्थित सडक निर्माणको लागि स्थानिय यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । केन्द्रदेखि वडा केन्द्र सम्म पुग्ने सडकहरुको नाली खन्ने,स्तर सुधार गर्ने, सडक चौडा गर्ने ,कटिङ ,ग्याविन, वाल जस्ता कामहरु तदारुकताका साथ गरी सडक बाह्रै महिना चल्न सक्ने वनाइने र आवश्यक स्थानमा मोटोरेवल पुलहरु निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

- सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्र एवम सम्वन्धीत निकायको समन्वयमा आबस्यक प्रक्रिया अगाडी वढाउने निति अवलम्बन गरिने छ ।

- गाउँपालिकाको महत्वपुर्ण र सवै वडाहरु समेटेर निर्माण भएको पोखरा बेलापुर सडकको स्तरोन्नती सहित कालोपत्रेका लागि निरन्तर प्रयासका वावजुत चालु आ.व.मा कालोपत्रे तथा स्तर सुधारका लागि कामहरु अगाडी वढाइसकेकोमा सोही खण्डमा पर्ने दोगाड गाउँपालिका शेरी सडकको स्तर सुधार गाउँपालिकाको आफ्नै श्रोतवाट सम्पन्न गरिनेछ ।

- खसरेखान रौटी पलेथर शेरी सडकलाई गाउँपालिका गौरवको आयोजना अन्तर्गत उक्त सडकलाई यसै आ.व. भित्र एक तर्फी बाटो जोडने कार्य सम्पन्न गरि क्रमशः स्तर सुधारकालागि आवस्यक व्यवस्था गरिनेछ ।

**खानेपानी तथा सरसफाइ**

- यस आ.व.मा शुद्ध पिउने पानीलाई प्रमुख प्राथमिकता दिई खानेपानीको अभावलाई न्युन गर्न र सबै बस्ती समुदाय तथा ब्यक्तिहरु सम्म पानीको सहज आपुर्ति गर्ने कार्य अगाडी बढाईनेछ ।
- वडा नं ४ मम्मे र वडा नं. २ बकालमा लिफ्ट प्रविधीको प्रयोग बाट खा.पा.आयोजनाहरु सम्पन्न गरिनेछन ।
- पानी जिवन हो सदुपयोग गरौ भन्ने ध्येयका साथ यसै वर्ष देखि पानीको अधिकतम सदुपयोगको निती अवलम्वन गर्ने उद्यस्य अनुरुप सबै पानीका श्रोतहरुको तथ्याङ अद्याबधिक गरि ब्यक्तिको स्वामित्तव कायम रहेका र एकलौटी अधिकार स्थपित गरि प्राकृतीक श्रोत माथिको एकल स्वामित्व अन्त्य गर्न आवस्यक कानुनी लगायत सामाजिक सदभावका माध्यमवाट प्राकृतिक श्रोत माथिको एकल अधिकारलाई निरुत्साहीत गर्ने निति अवलम्वन गरिनेछ ।
- खानेपानीको चरम अभाव रहेका तल्लीखाली सिमलकट्टे सुनकु नुवाकोट राजीखोला निन्तोला कोटेली जस्ता आयोजनाहरु यसै वर्ष सम्पन्न गर्दै प्रदेश तथा संघ सरकारको समन्वयमा आगामी आ.व.मा मणिलेक वृहत खानेपानीलाई वृहत पुर्नः निर्माणमा जोड दिने निति अँगिकार गरिनेछ ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिबार्य पानी महशुल को निति अवलम्वन गरिनेछ ।
- खानेपानी मुहान देखि मुख सम्म सफा राखौ भन्ने मान्यताका साथ खानेपानी शुद्दीकरणका क्रियाकलापहरुलाई जोड दिइने छ,यस्ता क्रियाकलापहरुमा उपभोक्ता जागरण तथा प्रोत्साहन नितीलाई निरन्तरता दिदै उत्कृष्ट खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई पुरस्कृत गर्ने निति अवलम्वन गरिनेछ ।

- स्वच्छ पिउने पानी लाई उच्च प्रथामिकतामा राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक बितरणमा जोड दिई एक घर एक घाराको अवधारणा लागु गरिनेछ । यसरी प्राकृतिक मुलहरुबाट समेत खानेपानी समस्याको समाधान हुन नसक्ने बस्तिहरुका लागि थप डिप बोरिङका माध्यम बाट पानी निकाल्ने कार्यलाई निरन्तरता दिदै पानीको चरम अभाव भएका वस्तीहरुमा लिफ्ट खानेपानी आयोजनामा कार्यान्वयनमा जोड दिईनेछ ।

- नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त लगानीमा संचालित ग्रमिण जलस्रोत परियोजना संङ्को साझेदारीमा ठुला खानेपानी आयोनाहरु कार्यान्वयनलाई निरन्तरता दिइनेछ । संघिय सरकारको सहयोगमा करिव १२ करोडको लगानीमा वडा नं ५को ठाँटा लिफ्ट खानेपानी आयोजनाको निर्माण कार्य यसै आ.व. बाट संचालन गरिनेछ ।

**भवन निर्माण**

- गाउपालिका भित्र निर्माण हुने सम्पुर्ण निजी तथा संस्थागत भवनहरुको मापदण्ड बनाई नक्शा पास गरेर मात्र घर निर्माण गर्नु पर्ने निती अवलम्वन गरिनेछ ।
- गाउँपालिकाका सबै वडा कार्यालयका कार्यालय भवनहरु क्रमशः आफनै लगानीमा निर्माण गर्ने निति अनुरुप यस बर्ष वडा नं १ र २ को भवन निर्माण सम्पन्न गर्दै बाँकी वडाहरु का प्रशासनीक भवनहरु प्रदेश तथा केन्द्र सरकारको समन्वयमा निर्माण कार्य अगाडी वढाइने निति अवलम्वन गरिनेछ ।
- सामुदायिक स्वास्थ्य इकाई ,स्वास्थ्य संस्था र गाउँ घर क्लिनिक भवनहरु क्रमसः निर्माण गर्दै लगिने र आवश्यकता अनुसार भवन पुर्वाधार निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्य यसै आ.व. वाट सुरुवात गरी वहुवर्षिय खरिद प्रक्रिया मार्फत कमसेकम अवधीमा सम्पन्न गर्न आवश्यक समन्वय एवम वजेट व्यवस्थाका लागि पहल गरि छिटै निर्माण कार्य अवलम्वन गर्ने निति लिइनेछ ।
- यसै आ.व.मा निर्माण सम्पन्न हुने गाउँपालिकास्तरिय खेलमैदानमा कर्भर्डहलका रुपमा आवश्यक सामग्री सहित व्यवस्थापन गर्न भवन पुर्वाधारको निर्माण गरिनेछ ।

आवास तथा पुर्ननिर्माण र एकिकृत वस्ति विकास

- भुमिहिन अल्प संख्यकहरुको तथ्याङक लगत खडा गरि उनीहरुको ब्यवस्थित बसोवासको व्यवस्था मिलाउन नेपाल सरकार भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय संगको सहकार्यमा जनता आवास कार्यक्रम मुक्त हलिया पुर्नस्थापना कार्यक्रम र शहरी विकास मन्त्रालय संग आवस्यक समन्वय सहकार्य गर्दै चालु आ.व. को अन्त्य देखि नै घर निर्माण मर्मत तथा जग्गा खरिदको उचित व्यवस्थापन गरि आवासको ब्यवस्था मिलाईने निति अवलम्न गरिनेछ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका जोखिम युक्त वस्तीहरु तथा वस्तीमा रहेका घरहरुको समुचित मर्मत तथा निर्माणको कार्यलाई प्रदेश सरकारको समन्वयमा सुरक्षित आवास निति अन्तर्गत घरका छाना पुर्न: निर्माण गर्ने निति अवलम्वन गरिनेछ ।
- गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थीत बसोबासको ब्यबस्था मिलाउन गाउँपालिकाको आफनै पहलमा जग्गाको खोजी प्राप्ती र घर निर्माणको कार्य अगाडी बढाई बसोबासको समुचित प्रवन्ध मिलाईनेछ ।

## सिचाई

- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्न सम्भावित र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राखि सिचाईका योजनाहरु कार्यान्वयन गरिने छ ।
- कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न पानी भकारी आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाई व्यवसायीक तरकारी खेती तथा नगदेवाली को उत्पादनमा जोड दिइने नितिलाई निरन्तरता दिइनेछ ।
- तल्लो तटीय क्षेत्र र खोला किनार आसपास रहेका खेतवारीहरुमा नहर  कुलो बाट गरिने सिंचाईका आलावा चालु आ.व. देखि डीप टयुववेल,लिफट सिंचाइ जस्ता नयाँ प्रविधीमा आधारित सिंचाई आयोजना प्रदेश तथा संघ सरकारको साझेदारीमा संचालन गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

- प्रदेश सरकारको सहयोगमा वडा नं ४ गिल्ला लिफ्ट सिंचाइ यसै आ.व.२०७७०७८ मा सम्पन्न गरिनेछ ।खेर गइरहेको पानीको समुचीत प्रयोग गर्न बहुउद्देशिय पानी प्रणाली कार्यान्वनमा ल्याइनेछ र साना सिंचाइ मर्मत सुधार तथा निर्माणकार्यलाइ निरन्तरता दिइनेछ ।

## आर्थीक विकास

### उद्योग

- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना तथा मझौला उद्योग स्थापना गर्दै अमला जुस सावन निमार्ण धुप निमार्ण तथा मैन वत्ती निमार्ण जस्ता घरायसी साना उद्योगहरु स्थापना गर्दै युवा जनशक्ति लाई औद्योगिक उत्पादनमा लागाइनका साथै नेपाल सरकारको एक गाउँ एक औद्योगिक ग्रामलाई प्राथमिकताका साथ अवलम्वन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत श्रमिक समुह मार्फत औद्योगिक उत्पादनमा प्रर्वद्धन हुने खालका बिरुवाहरु स्थानिय बनमा रोपण गरि कच्चा पदार्थ तयारीमा जोड दिईनेछ ।
- वडा नं १ र वडा नं ५ मा माहुरीको प्रशस्त सम्भावना रहेकामा मह उत्पादनमा रोजगारी सिर्जना हने गरि वैदेशिक रोजगारीवाट फर्किएका युवाहरुलाई उद्यमशिल वनाउने निति अवलम्वन गरिनेछ ।
- घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिदै वर्तमान कोरोना कहरका कारण गाउँपालिकामा भित्रीएका युवाहरुलाई रोजगारी दिन कार्पेन्ट्री डकरमी सिकर्मी तथा वेल्डिङ्ग डकर्मी सिकर्मी तथा वेल्डिङ्ग र अटोपार्टसका लागि अनुदान दिने निति अवलम्वन गरिनेछ ।

### कृषि

- गाउँपालिकाको नजिकै आवस्यक जग्गाको खोजी गरि औद्योगिकग्रामको स्थापना गरि एकिकृत औद्योगिक निती लिदै प्रधानमन्त्री कृषि आधुकिकीकरण परियोजना संङ्गको समन्वयमा आलु

उत्पादनमा बृद्धि गर्ने तथा भटमास जोन डडेल्धुरा जिल्लालाई थप टेवा पुरयाउने उद्यस्यले भटमास उत्पादन बृद्धिमा जोड दिइनेछ ।

- कारोना माहामारीका कारण मात्रीभुमी फर्किएका नागरिकहरुलाई आफ्नै माटोमा जीवनयापन गर्न कृषिमा आकर्षित गर्न एकल सामुहिक तथा सहकारी कृषि अनुदान निति अवलम्वन गरिनेछ ।
- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा रोपण कार्यमा बढावा दिइने छ जसका लागि छरिएर जाने हिउदे तथा बर्षे फलफुलका बिरुवा बितरण तथा अनुदान उपलब्ध गराउदा पकेट क्षेत्रमा आधारित एउटा गाउँलाई एउटा नमुना फलफुल पकेट क्षेत्र वनाई युवा वेरोजगारी कम गर्ने निति अवलम्न गरिनेछ । पाचै वडामा एक वडा एक कृषि पकेट क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वियन गरिनेछ ।
- यस गाउँपालिकाका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रबर्द्धन विकासको लागि कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवशायीक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।
- सार्वजनिक निजि साझेदारी अवधारणामा ५०% निजी लगानी गर्ने कृषक, कृषक समुह र सहकारीहरुमा व्यवसायीक कृषि प्रणालीमा अनुदान दिने निती अवलम्वन गरिने नितिलाई निरन्तरता दिईनेछ ।
- प्रविधि हस्तान्तरण तर्फ सम्म परेका फाँटहरुमा न्युनतम ५० रोपनी भन्दा वढी खेतवारीहरुमा सहकारी/समुह मार्फत हाते ट्याक्टर, थ्रेसर जस्ता कृषि औजारहरु वितरण गर्ने, माथिल्ला भिरालो जमिनमा आकाशे पानी संकलन पोखरी, पानी भकारी, प्लाष्टीक पोखरी जस्ता प्रविधि हस्तान्तरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- तल्लो तटिय क्षेत्र एवम खोला किनारमा सिचाईका लागि लिफ्ट प्रविधिमा जोड दिई उच्च सम्भावना रहेका वाली उत्पादनमा जोड दिईनेछ ।
- सवैखाले कृषि उपजहरुको व्यवसायीकतामा ल्याउन संकलन डिपो सहित वजारिकरणको व्यवस्था मिलाईनेछ ।

- युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आबद्ध हुन प्रोत्साहित गरिने छ सोको लागि आवश्यक सहयोग र वातावरण तयार गरिने छ ।
- कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिने छ ।
- भविष्यमा हुनु सक्ने भोकमारीको अन्त्य गर्न प्रदेश तथा केन्द्र सरकारको समन्वयमा खाद्य वैङ्क तथा वाजो जग्गाको उचित प्रयोग गर्न भुमी वैङ्क अवधारणालाई आत्मसात गरि आगामी आ.व. देखि संचालनमा ल्याउने निति अवलम्वन गरिनेछ ।
- मल, बीउ, सिंचाइ, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । कृषि सहकारीको प्रवर्धन गरी साना किसानहरुको आर्थिक सामाजिक सशक्तिकरण गरिने छ ।
- रासायनिक मल विषादिका कारण मानव स्वास्थ्यमा परेको प्रतिकुल असरलाई न्युनिकरण गर्न अर्गानिक तरकारी खेतीको प्रवर्द्धन र विकासमा टेवा पुग्ने गरि यसै वर्ष देखि अभियान संचालन गरिनेछ । यसका लागि २ वर्ष भित्र अर्गानिक तरकारी सहकारी स्थापनाका लागि यसैवर्षबाट आवश्यक पहल थालनी गरिनेछ ।
- जैविक विषादी प्रर्वद्धन गरि रसायनलाई नियन्त्रण गर्ने निति अनुरुप जैविक विषादी निर्माण सम्वन्धी कार्यक्रमहरु अवलम्वन गरिनेछ र जैविक मल उत्पादनमा जोड दिईनेछ ।
- भटमास जोनका रुपमा डडेल्धुरा जिल्ला पनि छनोटमा पर्न गएकोमा भटमास उत्पादन गर्ने प्रमुख क्षेत्रको रुपमा रहेको नवदुर्गा गाउँपालिका भित्र भटमास उत्पादनको वृद्धिमा जोड दिने खालका कार्यक्रमहरुमा अनुदान निति अवलम्वन गरिनेछ ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै वालीलाई प्रर्वद्धन गर्न उन्नत विउ वितरणमा जोड दिदै माटो सुहाउँदो मकै विउमा अनुदान दिने निति अवलम्वन गरिनेछ ।
- चालु आ.व. झै आगामी आ.व.मा समेत प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना सँगको साझेदारीमा आलु उत्पादन तथा वेमोसमी तरकारी उत्पादनमा थप क्लष्टरहरु समावेश गर्ने निति अवलम्वन गरिनेछ ।
- प्रधानमन्त्री वृक्षारोपण कार्यक्रमलाई सफल पार्न हिउँदे तथा वर्षे फलफुलका विरुवामा दिईने अनुदानमा वढोत्तरी गर्दे बृक्षारोपण अन्तरगत फलफुल बिरुवा रोपणलाई बढावा दिईनेछ ।

- कृषि-योग्य भूमिमा बाह्रै महिना सिंचाइ सुबिधा उपलब्ध गराउन नवीनतम प्रविधिको समेत प्रयोग गरी लिफ्ट सिचाई आयोजनाका माध्यमवाट उत्पादन वृद्धिमा जोड दिने निति अवलम्वन गरिनेछ।।
- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना सहित संघिय र प्रदेश सरकार संङ्ग समन्वय गरिनेछ।
- आधुनिक कृषि प्रणालीमा युवा महिला तथा कृषकहरुलाई विउ,मलमा अनुदान दिइ नगदेवाली तर्फ आर्कषित गरिनेछ।
- हाम्रो उत्पादन हाम्रो वजार, उत्पादन मुखि युवा स्वरोजगार जस्ता कार्यक्रम कार्यान्वयन गर्न उत्पादनमा जोड दिइने छ।
- एक गाउँ एक उत्पादन लाई मुर्त रुप दिन पकेट क्षेत्र पहिचान गर्दै कृषि तथा तरकारी खेतीमा व्यवसायीकरण गर्न युवाहरुको सहभागिता गराउने निति अवलम्वन गरिनेछ।

**पशुपंछिपालन**

- कारोना माहामारीका कारण रोजगारी गुमाएका युवा युवतीहरुलाई सम्भावना एवम रुचिका आधारमा भैसी, वाखा, कुखुरा, वँगुर पालनका लागि अनुदान दिने निति अवलम्वन गरिनेछ।
- उन्नत नश्ल सुधार गर्न उन्नत जातका राँगो वोका वितरण गरि पशु नश्ल सुधारमा जोड दिइनेछ। कृषि तथा पशुपंक्षी बीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ  पशुधन बिमा लाई अनिवार्य गरि कृषकको संभावित क्षतिको जोखिम घटाउन र पशुपालन तर्फ आकर्षण बढाउन प्रभावकारी पशुधन बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशु वस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधि र माहामारी विरुद्धका भ्याक्सीन अभियानका रुपमा सबै वडाहरुमा संचालन गरिने छ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियानलाई निरन्तरता दिदै जै घाँस प्रवर्धनमा जोड दिइनेछ।

- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित माशु पसल व्यवस्थीत गर्न आवश्यक सहयोग गर्ने अनुदान नितीलाई निरन्तरता दिदै शुद्ध मासु पसल संचालनमा जोड दिइनेछ ।
- लोकल कुखुरा तथा अण्डामा आत्म निर्भर बनाउन लोकल कुखुरा र लेयर्स कुखुरा उत्पादनमा जोड दिने निती अवलम्वन गर्दै अण्डाको वजारीकरणमा जोड दिइनेछ ।
- एग्रोभेट सेवा प्रभावकारी तथा नतिजामुखि बनाउन ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवद्धि कार्यक्रम संचालन गरिनेछ ।
- दुग्ध व्यवसाय तथा दुग्ध जन्य पदार्थहरुको बिक्री बितरणलाई जोड दिदै वडा नं १ असुर्पाको दुग्ध डेरी को क्षमता बृद्धि गरि थप सम्भावित दुग्ध संकलन केन्द्रको पहिचान गरि दुध निर्यातमा जोड दिइनेछ ।
- कुखुरापालन, माछापालन, भैसीपालन, बाख्रापालन,तर्फ युवा तथा कृषक लाई खोर,पोखरीमा समुहमार्फत अनुदान दिइ आयआर्जनमा जोड दिईनेछ ।

## संस्कृति पर्यटन

- बर्तमान कोरोना कहरका समयमा पर्यटन ब्यवसाय आफै थिलथिलो र धराशायी भइ रहेको सन्दर्भमा यहाँका मठ मन्दिर संरक्षण तथा जिर्णोद्धार गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिने नितीलाइ निरन्तरता दिइनेछ ।
- प्रसिद्ध मष्ठा भगवती क्षेत्र, नवदुर्गा भगवती, गौडेश्वर मन्दिर, अशिग्राम मणिलेक क्षेत्र, मष्ठा बैजनाथ क्षेत्र, मणिलेक मन्दिर , भुमिदेउली , गा.पा अन्तर्गत रहेका पासा र मसानी मन्दिरहरु नतोडा र कोटेलीका देवलहरुको विशेष संरक्षण गर्न आवश्यक पहल गरिनेछ ।

- नवदुर्गा गाउँपालिकाको नामाकरण समेत नवदुर्गा भगवतीका नामवाट भएकामा सो नवदुर्गा भगवतीको प्रचारप्रसार एवम पुर्वाधार निर्माण देवी भगवतीको वागमा सवार भएको पुर्ण कद भएको मुर्ति, घेरवार, भान्सा र शौचालय को निर्माण कार्य अगाडी वढाइनेछ ।
- नवदुर्गा गाउँपालिका भित्र रहेका पुराना ऐतिहाँसिक महत्वका परम्परागत धरोहरको संरक्षण गर्न जोड दिईनेछ । पुराना पौराणीक ब्यक्तित्वहरुले लगाएका वर पिपल चौतारीहरुको संरक्षण र पुराना हुलाकि बाटाहरुको संरक्षणका लागि रोजगार संग जोडेर प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामकालागि नगदको निती अवलम्बन गरिनेछ ।
- प्राचिन संस्कृती झल्किने गौरा पर्व बिसौ पर्व बनढौनी जस्ता परम्पराहरुको संरक्षण गर्दै परम्परागत पोशाक गुन्यु चोलो ,हुडके नाचमा लगाइने पोशाक जस्ता परम्परागत पोशाक संरक्षण गर्ने निती अवलम्बन गरिनेछ ।
- युवाहरुलाई आत्म निर्भर, स्वावलम्वी र समाज विकासमा सक्रिय बनाउदै रोजगार सिर्जनाका अवसरहरुको खोजी गरिनेछ । साथै युवाहरुको विदेशिने दरमा कमी ल्याइनेछ । युवाहरुलाई विभिन्न खालका दुर्ब्यसनजन्य क्रियाकलापहरुबाट जोगाइ उनीहरुको श्रम सिपलाइ उत्पादनमुलक कार्यमा सक्रिय गराइनेछ ।
- गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन विकास समिति गठन गरी उपयूक्त स्थलहरुको पहिचान, विकास र उपयोगमा सहयोग पुग्ने गरी प्राकृतिक सम्पदाको संरक्षण, मौलिक संस्कृतिको प्रवर्द्धन र पूर्वाधार विकासमा तालमेल मिलाई सुविधाहरु विस्तार गर्दे त्यसबाट सृजना हुने अवसरहरुको लाभ स्थानीय जनताले पाउने गरी योजना तथा कार्यक्रम तर्जूमा गरिनेछ ।

**सहकारी तथा गरिवी निवारण**

- सवै वडाहरुमा बहु उद्येशियय तथा बचत, ऋण सहकारीहरु स्थापनामा जोड दिइनेछ वडा नं ५ मा सहकारी स्थापनाका लागि यसै आ.व.मा आवश्यक ब्यवस्था गरिनेछ ।
- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ निती अवलम्वन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न सहकारी मार्फत अनुदान वाट साना स्वारोजगारका कार्यक्रमहरुमा लागत सहभागिता गरिनेछ ।

- सहकारी प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवस्यक पर्ने शिप क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु अगाडी बढाईनेछन गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरुको प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासमा जोड दिईनेछ ।
- गरिवि निवारण कोषको सहयोगमा सामुदायीक संस्थाहरुमा चक्रकोषका रुपमा लगानी रहेको पुँजीलाई एकतृत गरि सहकारी अवधारणामा ल्याउन आवश्यक पहल गरिनेछ ।
- कृषि क्षेत्रमा जाने तथा पशुपालन तर्फ जाने साना अनुदान तथा प्रबिधि हस्तान्तरणका कार्यक्रमहरुलाई स्थानिय सहकारीमार्फत दिने ब्यवस्था मिलाउने र अनुगमन समेत सहकारीमार्फत सम्पन्न गरि प्रतिफल सुनिश्चित गर्ने ब्यवस्था मिलाईने र सहकारी सँगको साझेदारीमा साना अनुदान निति अवलम्वन गरिनेछ ।

## सामाजिक विकास

### स्वास्थ्य

- हाल नेपाल लगायत विश्व भरी माहामारीका रुपमा रहेको नोवल कोरोना भाइरस कोभिड १९ को कहरमा मुलुक फसेका वेला हाम्रो गाउँपालिकामा झण्डै १८०० जति नागरिकहरु भारत लगायत तेस्रो मुलुक वाट प्रवेश गरेको तथा त्यत्तिकै सँख्यामा आर. डिटि. जाँच गरिएको र करिब २०० जना जतिको स्वाव संकलन गरिएकोमा आजका मिति सम्म ४३ जना संक्रमित भइसकेको अवस्थामा कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि तत्कालै लड्न आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरु को उचित प्रवन्ध गरिने निति अवलम्वन गरिनेछ ।
- चालु आ.व. को अन्त्य तिर भारत लगायत तेस्रो मुलुकवाट आएका नागरिकहरुमा कोरोना पुष्टी भइसकेकामा स्वास्थ्य कर्मीहरु, खटिने चालक,कर्मचारी तथा जनप्रतिनिधीहरुलाई पुरुष्कारको ब्यवस्था गरिनेछ साथै खटिनेहरुको मनोवल उच्च राख्न जोखिम भत्ता तथा अग्र दस्तमा खटिने स्वास्थ्य कर्मीहरुलाई प्रयाप्त सुरक्षा सामग्रीको प्रवन्ध गर्ने व्यवस्था मिलाइनेछ ।
- वर्तमान कारोना कहरका वावजुत पनि जेष्ठनागरिक अशक्त नागरिकहरुका लागि घरमै चेक जाँच गर्ने तथा एक वडा एक सामुदायीक स्वास्थ्य कर्मी को नीतिलाई निरन्तरता दिइनेछ ।

- नियमित स्वास्थ्य जाँच खोपका कार्यक्रमहरु निदान तथा परामर्श सेवा प्राथमिक उपचार सेवा लगायत स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने नियमित स्वास्थ्य सेवा कोरोनाका कारण प्रभावित हुन नदिन स्वास्थ्य कर्मीको उचित सुरक्षा व्यवस्थामा जोड दिइनेछ ।
- प्रत्येक वडामा गर्भवती लक्षीत निशुल्क अल्ट्रासाउण्ड ( भिडियो एक्सरे ) सेवा को सुरुवात गरिनेछ ।
- २५ वुदे एकिकृत स्वास्थ्य तथा पोषण सम्वन्धी प्रतिवद्धता २०७६ को हुवहु कार्यान्वयन गर्न एकिकृत स्वास्थ्य पोषण तथा खाद्य सुरक्षाको थालनी गरिनेछ ।
- प्रयोगशाला सेवा विस्तार अन्तर्गत वाँकी रहेका स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला स्थापना गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा आफ्नै फार्मेसी सेवा विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिकाका गाउँघरक्लिनिक र खोप क्लिनिकको स्तरोन्नती गरि आधारभुत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न  आवश्यक पुर्वाधार विकास तथा व्यवस्थापनमा विषेश जोड दिई जनतालाइ सहज पहुँचको व्यवस्था मिलाइने छ ।
- कोरोना कहरका कारण कोरोना पुष्टी भइसकेका संक्रमित हरुलाई आवश्यक परामर्श तथा सामान्य उपाचारका लागि आइसोलेसन वेडहरु तयार गरी नियमित स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्ने निति अवलम्वन गरिनेछ ।
- बिद्यालय भर्ना गर्दा अनिवार्य खोपकार्ड सहित जन्म दर्ता गराउदा संस्थागत सुत्केरी भएको कार्ड अनिवार्य गराई घरैमा हुने प्रशुती शुन्य गराउने निती अवलम्बन गरिनेछ ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको सहकार्यमा  पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी  स्क्रिनिङ स्वास्थ्य शिविर जेष्ठ नागरिकको आँखा उपचार तथा मोती बिन्दुको अपरेसन शिवीरहरु संचालनमा निरन्तरता दिदै थप उपचार गर्नुपर्ने देखिएका बिरामीहरुको पहिचान गरि सम्बन्धित रेफरल सेन्टरहरुमा उचित अनुदान सहित उपचारमा सहयोग गर्ने नितीलाई निरन्तरता दिइनेछ ।
- आगामी ३ बर्ष भित्र घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न बर्थिगं सेन्टरको स्तरोन्नती गरी  नमुना बर्थिगं सेन्टरको स्थापना र वडा नं ३ लाई शुन्य होम डेलिभरी घोषणा भैसकेको मा थप वडाहरुलाई समेत शुन्य होम डेलिभरी वडा घोषणाका लागि आवश्यक तयारीहरुको थालनी गरिनेछ ।

- विभिन्न वार्ड तथा वस्तीहरुमा स्वास्थ्य सेवाको पहुँचवाट आशिकं रुपमा बञ्चित रहेका बृद्ध बृद्धा, असाहय, एकल महिला, अपाग, अति विपन्न परिवारका सदस्य, अति गरिव दलित, टुहुरा वालवालिकाको वडा स्तरमा विभिन्न समयमा स्वास्थ्य जाँच गर्नका लागि निशुल्क स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई एप सहितको मोवायल बितरण भईसकेकोमा स्वास्थ्य सम्बन्धि सुचनाहरु संकलन गर्ने र बिशेष गरि घरमा हुने प्रशुती शुन्य पार्ने र जटील प्रकृतिका प्रशुतिहरुको समयमै सुचना प्रवाह गरि अकालमै ज्यान गुमाउने समस्याको समाधान सहित बालवालिकाको खोप र पोषणका लागि उक्त सुचना संकलन प्रणलीलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।
- पुर्ण खोपयुक्त गाउँपालिका लाई कायम राख्न तथा खोपको कभरेज बढाउनका लागि बालबालिकालाइ विद्यालय भर्ना गर्दा खोप कार्ड अनिवार्य गरिनेछ ।
- यस गाउँपालिकाका सुनौला हजार दिनका बालबालिका र आमाहरुको पोषणमा सुधारको लागि विभिन्न संघसस्थाहरु संग समन्वय तथा सहकार्य गरि संचालनमा रहेको **पोषण चौतारी कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।
- आयुर्बेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र कार्यक्रम गर्ने नीति अवलम्वन गरिनेछ । वर्तमान कोरोना माहामारी लाई जीत्नका लागि योग व्यायाम प्रभावकारी देखिएकाले आयुर्वेद चिकित्सा मार्फत योग अभ्यासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**शिक्षा**

- वर्तमान नोवल कोरोना भाइरसका कारण विद्यालयहरु वन्द रहेको अवस्था विद्यमान छ, हाम्रो यस गाउँपालिकामा झण्डै १८०० नागरिकहरु भारत लगायत तेस्रो मुलुकवाट भित्रिएका छन सवै विद्यालयहरु क्वारेन्टाइनका रुपमा परिणत भएका छन विद्यालयको पठनपाठन ठप्प रहेको अवस्था विद्यमान छ । यस विषम परिस्थितीमा कक्षाहरु संचालन गर्न रेडियो टिभि तथा अन्य संचार सामाग्रीको प्रयोग गरी शैक्षणिक गतिविधि लाई नियमितता दिन सम्वन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।

- नवदुर्गा गाउँपालिका भित्र रहेका सबै सामुदायीक र निजी बिद्यालयहरुमा जन प्रतिनिधीद्धारा चौमासिक रुपमा कम्तीमा एक पटक अनुगमन गरिने र अनुगमन कार्यलई प्रभावकारी बनाउन आवस्यक पर्ने चेकलिष्ट तयार गरिने नितिलाई निरन्तरता दिदै थप प्रभावकारी सघन अनुगमनलाई तिव्रता दिइनेछ ।
- गाउँपालिकाका सबै बिद्यालयहरु मध्ये क्रमसः प्रबिधी हस्तारन्तरणमा ल्यापटप, इ हाजिरी,प्रोजेक्टरका माध्यमबाट पठनपाठन गराइने निती अवलम्बन गरिने छ  र सबै बिद्यालयमा कम्पुटर ईन्टरनेटको पहुच पुरयाइनेछ ।
- नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिदै गाउँपालिकाको कुनै एउटा माध्यमिक विद्यालयलाई आवासीय विद्यालय संचालनका लागि पुर्वाधार समेतको अवस्था मध्येनजर गरी आवासीय विद्यालय संचालनमा जोड दिइनेछ ।
- वर्तमान कोरोना कहरका कारण विद्यालय वन्द रहेकाले हिउदे तथा वर्षे विदा एवम दिवस पर्व तथा सार्वजनिक विदा समेत घटाई कटाई विद्यालय २८० दिन संचालन गर्न र निर्धारित पाठ्यक्रम पुरा गर्न उपलब्ध शिक्षकलाई थप प्रोत्साहन सहित दिई विद्यालय वाहिर समते पढाउने व्यवस्थाका लागि आवश्यक व्यवस्था गरिनेछ छ ।
- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि हुने गरी प्रविधि र सुबिधायुक्त बानाउन प्रत्येक वार्डमा १/१ वटा बिद्यालयलाइ नमुना बिद्यालयको रुपमा छनोट भएका स्कुलहरुमा चालु आ.व.को कार्यक्रममा समेत गुणस्तर सुनिश्चतताका लागि निरन्तरता दिईनेछ ।
- यस गाउँपालिका भित्र मा.वि.र आधारभुत विद्यालय गरी जम्मा २८ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थि शिक्षकको अनुपात घटी वढी भएको अवस्था विद्यमान छ  सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मीलानमा जोड दिइनेछ र स्वयमसेवक शिक्षक परिचालन लाई निरन्तरता दिईनेछ ।
- **नानी बाबुहरुमा लगानी ल्याउछ सुनौलो बिहानी** भन्ने ध्येयका साथ बालबालिकामा अभिभावकको ध्यान बढाउन अभियानात्मक कार्यक्रमहरु अभिभावक शिक्षा ,अभिभावक शिक्षक अन्रक्रिया जस्ता कार्यक्रम संचालनमा निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्र संचालित सबै सामुदायीक सरकारी र निजी बिद्यालयमा शैक्षिक गतिबिधीमा एकरुपता कायम गरि सबै अतिरिक्त क्रियाकलापमा समेत एकरुपता कायम गर्न गाउँपालिका स्तरको शैक्षिक क्यालण्डर निर्माण गरि कार्यान्वयन कार्यलाई निरन्तरता दिइनेछ ।

- निजी श्रोतवाट शिक्षकको व्यवस्थापन गर्नु पर्ने अवस्था रहेका बिद्यालयहरुमा आवस्यकताको पहिचान गरि स्वयंसेवक शिक्षक गाउँपालिकावाट नियुक्त भईसकेकाले थप प्रभावकारी वनाउन दरवन्दी मिलान तथा विद्यालयमा कार्यरत शिक्षक विद्यार्थी अनुपातका आधारमा थपघट गर्ने निति अवलम्वन गरिनेछ ।
- शिक्षाको गुणस्तरीयता र समानतामा आधारित वनाउन गाउँपालिका स्तरिय परिक्षा प्रणालीको विश्वसनियतमा जोड दिदै गाउँपालिका स्तरीय परिक्षाको निश्पक्षतामा जोड दिईनेछ ।
- प्राबिधिक बिषयको क्याम्पस सञ्चालनका लागी वडा नं १ मा संचालन हुने प्राबिधिक बिद्यालयको क्षमता अभिबृद्धि संगै थप नयाँ बिद्यालयहरुमा प्राबिधिक नयाँ बिषयका साथ संचालन गर्न पहल गरिनेछ ।
- रिफ्रेसर तालीम तथा अन्तरक्रिया कार्यक्रम संचालन गरि शिक्षकहरुको ज्ञान शिपलाई अभिबृद्धि गरिनेछ ।
- सबै वालवालिकालाई माध्यामिक तह सम्म कम्प्यूटर शिक्षा दिईने गरी बिद्यालयलाई आवश्यक भौतिक पुर्वाधार वाह्य वातावरण शौचालय आई. सिटि. ल्याव पुस्तकालय विद्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यसै वर्ष देखि कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत किशोरी छात्राहरुलाई सेनेटरी प्याड वितरण गरी महिनावारी स्वच्छतामा जोड दिइनेछ ।

सरसफाइ तथा स्वच्छता

- कोरोना माहामारीबाट बच्न ब्यक्तिगत सरसफाइमा बिषेश ध्यान दिनुपर्ने मुख्य गरि सावुन पानीले हात धुने विश्व स्वास्थ्य संगठनको मापदण्ड वमोजिम हातमुखको सरसफाई तथा व्यक्तिगत सरसफाईलाई हरेक कामकाज सँग जोडेर अभियानात्मक रुपमा प्रवर्धन गरिनेछ ।
- सबै सरकारी कार्यालयहरु विद्यालयहरु लगायत सार्वजनिक निकायमा प्रवेश गर्दा अनिवार्य सावुन पानीले हात धुने बानीको विकास गर्न आवश्यक पर्ने सामग्रीको उपलब्धता सुनिश्चित गराइनेछ ।

- खानेपानीका सबै आयोजनामा अनिवार्य १० प्रतिशत रकम सरसफाईको क्षेत्रमा खर्च गर्ने निती अवलम्वन गरिनेछ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न सम्वन्धीत संघसंस्था संग पहल गरि धुवारहित गाउँपालिकाको रुपमा कार्यक्रमहरु अगाडी बढाइने छ । साथै बैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै बायो ग्याँस,रकेट चुलो ,सौर्य उर्जा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइनेछ ।
- **एक घर एक चर्पि नजिकैमा धारा ,स्वच्छता कायम गरि स्वस्थ हुने हाम्रै अभिभारा** कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माण मा जोड दिई पानी जन्य सरुवा रोग नियन्त्रणमा आवस्यक कार्यक्रम अगाडी बढाइने छ ।

## महिला तथा लैगिंक समावेशीकरण

- भारत लगायत विदेश वाट आएका महिलाहरुको व्यवस्थापनमा उनीहरुको सीप र रुचि अनुसार व्यवसायमुखी कार्यक्रम केन्द्रीत अनुदान नीति अवलम्वन गरिनेछ ।
- भारत लगायत अन्य मुलुकवाट आएका महिलाहरुमा पर्ने सामाजिक असर कम गर्न एवम घरेलु हिंसाका कारण समस्यामा परेका महिलाहरुका लागि मनो परामर्शका कार्यक्रमहरु अगाडी वढाइने छ ।
- सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि विषेश योजना बनाई कार्यान्वयन गरिनेछ ।
- एकल महिलाहरुका लागि विगत वर्षहरु झै आयआर्जनका कार्यक्रम कुखुरा वाख्रा पालन व्यवसायीक तरकारी खेतीका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- लैङ्गिक हिंसा, घरेलु हिसां मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिकाका सबै भौतिक पुर्वाधारका आयोजनाहरुमा महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजनालाई प्रथमिकता दिई उनिहरुको आय आर्जनमा जोड दिने खालका आयोजना संचालनमा गाउँपालिकाको प्राथमिकता सुनिश्चित गरिनेछ ।
- लैङ्गीक हिंशा न्युनिकरणका लागि बिषेश कार्यकम अवलम्बन गर्दै यसै बर्ष देखि लैङ्गिक हिंसा मुक्त नमुना वडा कार्यकम कमसः सबै वडाहरुमा संचालन गरिने छ ।
- महिलाहरुको शैक्षिक स्तर उकास्न खुल्ला शिक्षा, किसोरीहरुका लागि विशेष कार्यक्रम, छाउपडी लगायत लक्षित कार्यक्रमहरु संचालन गरिने छ ।
- मदिरा सेवन तथा बेचबिखनका कारण समाजमा ब्यवप्त बेथितीहरुको नियन्त्रण गर्न मदिरा नियन्त्रणमा जोड दिईनेछ ।
- एकल असहाय महिलाहरुका बालबालिकाहरु लाई उच्च शिक्षाका लागि छात्रबित्तिको ब्यवस्थालाई निरन्तरता दिईनेछ ।
- छाउपडी प्रथाको न्युनिकरणमा जोड दिन अभियानात्मक तथा प्रर्वद्धनात्मक कार्यकमहरु संचालनमा जोड दिईनेछ ।
- महिलाहरुको नेतृत्व र निर्णायक भुमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।
- संयुक्त पुर्जा वनाउने दम्पत्तीहरुलाइ जग्गा धनी प्रमाण पुर्जा बनाउन लाग्ने शुल्कमा बिशेष छुट दिन अनुदानको ब्यबस्था गरिने छ । यसवाट आगामी दिनमा महिलाले पनि सम्पती माथीको आफ्नो स्वामित्वको महशुस गर्न पाउने छन् ।

## दलित

- दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि कार्यक्रम बनाई लागु गरिने छ  परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरिने छ ,जातीय

भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको ग्यारेन्टी गरिने छ ।

- बिपन्न दलितका छात्र छात्रा हरुलाई प्राबिधिक शिक्षाको सुनिश्चीतता गर्न दलित छात्रबृत्ती कार्यकम लाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय आरक्षण नितीको हुवहु परिपालनलाई आत्मसात गर्दै गाउँपालिका बाट संचालन हुने सबै खाले आयोजना तथा कार्यक्रमहरु रोजगारका अवसरहरुमा दलित बिपन्नहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने निती अवलम्बन गरिनेछ । दलितका छोरा छोरीहरु लाइ गाउँपालिकाबाट हुने जुन सुकै पदपुर्तिका बिज्ञापनहरुमा आरक्षणको निती अवलम्बन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यकम अन्तरगत संचालन हुने रोजगारका कार्यकमहरुमा बिपन्न र पछाडी परेका गरिव दलित तथा सिमान्तीकृत बर्गहरुको प्रथमिकताका साथ सहभागिता गराईनेछ ।
- दलित विपन्न नागरिकहरु को रुचि वमोजिमको सीप विकास गर्न सिकर्मी डकर्मी कार्पेन्टी जस्ता तालिमहरुको आयोजना गरी आयआर्जनमा अभिवृद्धि हुने खालका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिईनेछ ।

<u>युवा तथा खेलकुद</u>

- वर्तमान विशम परिस्थितिमा भारत लागायत तेस्रो मुलुकवाट घर फर्किएका युवा युवतीहरुका लागि विकास आयोजना लगायत प्रधानमन्त्री रोजगार कार्यक्रममा वढी से वढी सहभागिता गराई उनीहरुको सिमित भए पनि रोजगारीको उचित व्यवस्था गर्ने निति अवलम्वन गरिनेछ ।
- **हाम्रो उत्पादन हाम्रो बजार उत्पादनमुखी युवा स्वरोजगार** अभियान संचालन गरि वढदै गएको युवा वेरोजगारीलाई कम गर्न युवाहरुलाई उत्पादनमा लाग्न उत्प्रेरित गर्ने उद्देश्य सहित युवा उद्यमी अनुदान युवा कृषक अनुदान सफल युवा प्रोत्साहन कोष जस्ता कार्यकमहरु सञ्चालनमा ल्याइने छ । प्रधानमन्त्री रोजगार कार्यकम संग युवालाई जोडी पुर्वाधार निर्माण तथा सामाजिक बिकासमा युवाको अहं भुमिका सुनिश्चित गरिनेछ ।

- युवाहरुलाइ कृषि तथा पशुपालन तर्फ आकर्षित गर्न सामुहिक गाईपालन ,बाख्रापालन तथा सामुहिक तरकारी खेती तर्फ आर्कर्षित गर्न अनुदान निती अवलम्बन गरिनेछ ।
- कोटेलीको चौरा मैदानमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय को सहयोगमा यसै वर्ष खेलकुद रगंशाला निर्माणको कार्य सम्पन्न भई खेल प्रशिक्षणका कार्यक्रमहरुमा जोड दिइनेछ ।
- युवालाई आत्मनिर्भर,स्वावलम्वी र समाजविकासमा सक्रिय बनाउदै रोजगार सिर्जनका अवसरहरुको खोजी गरिनेछ ।
- कृषि क्षेत्रमा युवाहरुको घटदो आकर्षण लाई निरुत्साहित गरि आर्थिक बिकासको मुल आधार कृषिमा आधनिकीकरण सहित युवा अनुदानमा बढोत्तरी गरि कृषि उत्पादनको प्रतिफलबाट युवाहरुको आय आर्जनमा जोड दिने निती अवलम्बन गरिनेछ ।
- वढ्दो युवा वेरोजगारीलाई मध्यनजर गरी हाउसवायरिङ्ग पलम्वीङ्ग मोटरसाइकल मर्मत रेडियो घडी मर्मत मोवाइल मर्मत ड्राइभिङ्ग जस्ता तालिमहरु प्रदान गरी युवाहरुलाई स्वरोजगार वनाउने निति अवलम्वन गरिनेछ ।
- प्रत्येक वर्ष झै यस बर्ष समेत गाऊँपालिका स्तरीय खेलकुद प्रतियोगीताको आयोजना गरिने छ । स्थानीय स्तरमै खेलकुद प्रशिक्षक तथा खेलाडि उत्पादन गर्न खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिने छ ।
- गाउपालिका स्तरिय राष्टपती रनिङ्ग शिल्ड प्रत्येक बर्ष खेल प्रारुप भएका बिद्यालयमा आयोजनालाई निरन्तरता दिदै बिद्यालय स्तर बाटै खेलाडी उत्पादनमा बिशेष जोड दिने नितिलाई निरन्तरता दिइनेछ ।
- विद्यालय स्तरमै खेलकुदको विकास गर्न आवश्यक खेल सामग्रीहरु प्रदान गरिने र खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वर्तमान समयमा कोरोना कहरका कारण ठुलो संख्यामा युवाहरु घर फर्किएका कारण वेरोजगार अवस्थामा विभिन्न कुलतमा फस्न सक्ने सम्भावना रहेकाले सामाजिक अपराधमा संलग्न हुन नदिन युवाहरुलाई उचित व्यवस्थापनको निति अवलम्वन गरिनेछ ।

## बालवालिका

- कोरोना कहरका कारण वालवालिका हरुमा पर्न जाने असरहरु न्युनीकरण गर्न विद्यालय स्तरमै कोरोना रोकथाम तथा नियन्त्रणका उपायहरु सहितको थप स्वास्थ्यकर्मीहरु मार्फत कक्षा संचालन गर्ने निति अवलम्वन गरिनेछ ।
- वालवालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु अवलम्बन गरिनेछ ।
- बालबालीका शान्ती क्षेत्रलाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पुर्ण प्रतिबनध लगाइने छ ।
- बाल यौन शोषण ,बाल हिंसा र बालश्रम निवारणका लागि गुरु-योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- दृष्टी विहिन तथा अपाङ्गताभएका वालवालिकाको लागि विशेष कार्यक्रम वनाएर लागु गरिने छ ।
- सहिद वेपत्ताका छोरा छोरीहरु वावाआमा गुमाएका टुहुरा वालवालिका हरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने निति सँगै उनीहरुको पालन पोषण को उचित प्रवन्ध मिलाइने छ ।
- वालमैत्री तथा अपाङ्गमैत्री वातावरणको व्यवस्था गरिने छ ।
- विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि पालिका स्तिरिय वाल संजाल निर्माण भैसकेको सन्दर्भमा वालकेन्दीत गतिविधिका लागि आवश्यक कार्यविधि निर्माण गरी कर्यान्वियन गरिनेछ ।

## बृद्ध/वृद्धा जेष्ठ नागरिक

- **बृद्ध बृद्धाहरु वोभ्ह होइनन मार्ग दर्शक हुन सम्मान गरौं** भन्ने मुल मन्त्रका साथ जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा बृत्ती उनीहरुको आफनै हातमा पर्ने सुनिश्चित गर्न घरघरमा सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिदै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागवाट संचालित विश्व वैङ्क र नेपाल सरकार विच भएको ऋण

सम्झौता वमोजिम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धीत विभाग सँगको समन्वयमा परियोजना कार्यान्वयनमा जोड दिईनेछ ।

- बहिस्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यक्रम, हातहातमा समाजिक सुरक्षा भत्ता कार्यक्रम ,स्वास्थ्य चेकजाँचका लागि आखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- वर्तमान कोभिड १९ को जोखिमका कारण दिर्घ रोगी वृद्ध वृद्धाहरुले नियमित सेवन गरिरहेको औषधी घरमै पुऱ्याउने तथा अति विपन्न नागरिकहरुलाई निशुल्क र घरमै औषधी पुऱ्याउने व्यवस्था गरिनेछ ।

<u>अपांगता</u>

- सार्वजनिक स्थान, कार्यालय र विद्यालयहरुमा अनिवार्य रुपमा अपांगता मैत्री संरचना निर्माण गरि यस्ता कार्यालयहरुको शौचालय तथा भौतिक संरचनाहरु  अपाङ्ग मैत्री बनाउन जोड दिइनेछ ।
- अपाङ्गता पहिचान, वर्गिकरण तथा सुविधा र सहयोगको लागि गाउँपालिका स्तरमा नै अपाङ्गता परिचय पत्र बितरण समिति सहित आवश्यक चिकित्सक सहितको टोली सबै वडामा खटाई वडा स्तरबाटै अपाङ्गता परिचय पत्र बितरण गर्ने नितीलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवस्यक पर्ने सहायक सामगृ सेतो छडी,बैशाखी, हवील चेयर जस्ता अपाङ्ग सहयोगी सामगृ बितरणमा जोड दिईनेछ ।
- अपाङ्गता भएका ब्यक्तीहरुलाई संगठित गर्न उनीहरुको वडा तथा गाउँपालिका स्तरिय संजाल गठन गरि उनीहरुकै अर्थपुर्ण सहभागितामा अपाङ्गता भएकाहरुको कार्यक्रम संचालन गर्न जोड दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सिप तथा क्षमता अभिवृद्धि गरी उद्यमशिलता प्रवर्दन गर्न प्रोत्साहन गरिने छ ।

## विजुलीबत्ती तथा उर्जा

- विगतमा विभिन्न स्थानहरुमा विद्युतका पोल गाडिएका, तार तान्न बाँकी रहेका वस्तीहरुमा विद्युत सेवा पुऱ्याउन र सबै अलपत्र परेका विद्युत लाइनहरु को पुर्णता का लागि आवश्यक व्यवस्था गरिनेछ ।
- **यस** पालिकालाई उज्यालो गाऊँ पालिका वनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताकासाथ अगाडी बढाइ विजुली वत्ति विस्तार गरिनेछ ।
- गाउँपालिकामा नेपाल सरकारको नेशनल ग्रिडबाट बिजुलि बत्तिको सेवा पुग्न नसकेका बस्तीहरुमा सौर्य उर्जाका माध्यमबाट भए पनि बत्तिको आपुर्ति गर्न जोड दिईनेछ ।
- साना तथा स्थानिय स्तरमा बिद्युत उत्पादन गर्ने लघु जलबिद्युत आयोजना चामा लघु जलबिद्युत चलकट्टे माईको हाइड्रोको क्षमता बृद्धिमा जोड दिई मर्मत कार्य समेत गर्न आवश्यक पहल गरिनेछ ।
- पर्यटकीय महत्व बोकेका मठ मन्दिरहरुमा र सार्बजनिक स्थान तथा स्थानिय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरि गाउँपालिका उज्यालो कार्यक्रम अघि बढाइने छ ।

## सार्बजनिक निजी साझेदारी कार्यक्रम

- सरकारी तथा निजीक्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ । यसरी साझेदारी गर्दा ५० प्रतिशत गाउँपालिकाबाट र ५० प्रतिशत उपभोक्ता वा नीजि क्षेत्रबाट लगानी गरिने व्यवस्था मिलाइने छ ।
- साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेकोमा समपुरक कोषका रुपमा यथेस्ट रकमको व्यवस्था गरि संघ सरकार प्रदेश सरकारको समपुरक अनुदान भित्रयाउने निती अवलम्बन गरि ठुला तथा गाउँपाीलका गौरवका आयोजनामा साझेदारी बिकासको निती अवलम्बन गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन तत् तत क्षेत्रसंग सहकार्य गरिनेछ । गाउँपालिका भित्र हुने व्यवसायीक तथा सरकारी आर्थिक कारोवारलाइ बैङ्कि प्रणालीतर्फ अग्रसर गराईनेछ ।

 विगतमा गरिबि निवारण कोष द्वारा संचालित घुम्ती कोषको सहि परिचालन गर्न र छरिएको पुँजीलाई विकास निर्माणको मुल प्रवाहीकरणमा ल्याउन सामुदायीक संस्थाहरु सँग साझेदारी निति अवलम्वन गरिनेछ ।

## राहत तथा सहयोग कोष

वर्तमान कोभिड १९ को कहरका कारण उत्पन्न विषम परिस्थितिमा असंगठित क्षेत्रमा कार्यरत हाल वेरोजगार हुन पुगेका नागरिकहरुलाई तत्काल राहात प्रदान गर्न कामका लागि नगद तथा कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत राहत वितरण गर्ने निति अवलम्वन गरिनेछ । लैङिक हिंसा ,बैदेशिक रोजगारी र मानव वेचविखनमा परेका पीडित तथा प्रभावितहरुका लागि आपतकालिन अवस्था भएमा वा अन्य श्रोतबाट सहयोग उपलब्ध हुन नसकेको प्रमाणित भएको अवस्थामा पीडित एवं प्रभावितको आवश्यक सहयोगको लागि पालिका स्तरिय राहत तथा सहयोग कोषको व्यवस्था गरिनेछ । बिपन्न तथा गरिव पहिचानका आधारमा कडा रोगको सिकार भइ उपचारमा समस्या भएका बिरामीहरुको उपचारमा सहयोग गर्न कोष संचालन कार्यान्वयन गरिनेछ । नेपाल सरकारको कुनै पनि सुविधा पाउन नसकेका विदूर पूरुष तथा वहिष्करणमा परेका नागरिकहरुलाई एवम आमा वुवा गुमाएका टुहुरा वालवालिकाहरुलाई राहत स्वरुप आर्थिक सहायता दिने निति अवलम्वन गरिनेछ ।

## भु उपयोग

सन्तुलित रुपमा विकास हुन नसक्दा ग्रामिण क्षेत्रमा कतिपय जमिन वाझो रही उत्पादनमा ह्रास भई रहेको छ भने अर्को तर्फ युवा तथा अन्य व्यक्ति वेरोजगारी भई रोजगारीका लागि वैदेशिक रोजगारीमा गई रहेको अवस्था विद्यमान छ । कृषि भुमी, वस्ती क्षेत्र, औद्योगिक क्षेत्र निर्धारण गरि भूमिको सहीसदुपयोग र दीगो विकासका लागि भू उपयोग नीति कार्यान्वयनमा ल्याईनेछ । सबै जग्गा उपयोगमा ल्याउन नसक्ने किसानहरुले अनुदान माग गरेमा अनुदान निषेध निती अवलम्बन गरिने छ । सार्वजनिक बाँझो जग्गाको भु उपयोग निती बनाई आवश्यकतानुसार उपयोग गर्न सकिने क्षेत्रहरुमा भोकाधिकार उपलब्ध गराई उत्पादनमा जोड दिने निती अवलम्बन गरिनेछ । सरोकारवाला सवैको समुन्वय एवम सहकार्यमा भुमी वैङ्क स्थापनामा जोड दिई एकल तथा समुगत रुपमा तरकारी खेती गर्ने युवाहरुका लागि गाउँपालिका जमानत वस्ने व्यवस्था सहित जग्गा भाडामा लिई व्यवसायीक तरकारी खेतीमा जोड दिईनेछ ।

## वन वातावरण जैविक विविधता तथा विपद व्यवस्थापन

- सुख्खा नाँगा डाडाहरुमा अमरिसो रोपण कार्यलाई अगाडी वढाई गर्मीयाममा हुनु सक्ने आगलागी नियन्त्रणका लागि सामुदायीक वन उपभोक्ताहरुको सहकार्यमा हरियाली निर्माण गर्ने निति अवलम्वन गरिनेछ ।
- **छाडा चरिचरन रोकौं पुण्यकर्मका लागि रुख रोपौं** भन्ने मन्त्रका साथ छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि वृक्षारोपण अभियान सञ्चालन गरिने छ ।
- वैज्ञानिक वन व्यवस्थापन योजना कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनुका साथै ढलापडा सुख्खा खडा रुखहरु को छटनीका नाममा भइरहेको वन फडानीलाई नियन्त्रण गर्न नियमनकारि निकायको समन्वयमा आवश्यक कार्यक्रमहरु अगाडी वढाइने छन ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सुचिकृत भएका गाउँपालिकाका बेरोजगार युवा युवतीहरुको श्रमिक समुहलाई बुटानी समुहका रुपमा परचालन गरि उनिहरुलाई बृक्षारोपण बन संरक्षण जस्ता कार्यमा परिचालन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरुका किनारामा वृक्षारोपण गरि हरित सडक निमार्ण गर्दै वन वातावरण जोगाउने कार्यक्रममा सडकमा काम गर्ने स्थानीय मर्मत सम्भार समुहलाई वृक्षारोपण सँग समेत जोड्दै हरित सडक निर्माणमा जोड दिइने निति अवलम्वन गरिनेछ ।
- उर्जा को मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरता लाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरु मा लगानी विस्तारको नितिलाई निरन्तरता दिईनेछ ।
- वन संरक्षण, व्यवस्थापन, दीगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र

जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ । वनक्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न रणनीति तयार गरी कार्यान्वयनका साथै आवश्यक कार्ययोजना तयार गरिने छ ।

- पूर्वाधार विकाससम्बन्धी आयोजना/कार्यक्रम तर्जुमा गर्दा श्रममूलक तथा बातावरणमैत्री (IEE र EIA) प्रविधिको प्रयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिने छ ।
- शाखा सडकहरु खनेर माटो झरेको स्थानमा पहिरो रोकथाम तथा सुन्दरताकोलागि बायोइन्जीनियरिङ्ग गरिनेछ । पूर्वाधारका विकास निर्माण कार्य गर्दा विपद जोखिम लाई समेत मध्य नजर गर्दै विकासमा विपद जोखिम व्यवस्थापनलाइ मुलप्रवाहिकरण गर्दै लगिने छ ।
- प्राविधिक जनशक्तिको परिक्षण विना खनिने सडकहरु र तिनवाट सृजना हुने प्राकृतिक विपत्ति मा न्युनीकरण गर्न अन्धाधुन्ध सडक खन्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।
- वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकुल हुने गरी रिठा, अमला, अलैची, अम्रीसो, बास, निगालो लगायत अन्य जडीबुटी, गैरकाष्ठ वनपैदावारहरुको खेती विस्तार गर्न प्रधानमन्त्री रोजगार कार्यकम अन्तरगत सुचिकृत बेरोजगार श्रमिक समुह परिचालन गरि उल्लेखित बहु खेति बिकास कार्यकम संरक्षणमा जोड दिईनेछ ।
- विपद् व्यवस्थापनको लागि विद्यमान संस्थागत संरचनाहरुलाई खोज, उद्धार तथा राहत(प्रतिकार्य) कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा जोड दिइने छ । विपद् जोखिम व्यवस्थापनलाई विकासमा मूल प्रवाहीकरण गरिनेछ ।
- बन क्षेत्र भित्र बहुखेती बिकास कार्यकमलाई जोड दिदै बन जङ्गल संरक्षण सहित बन भित्र नगदे बालीका रुपमा उपभोक्ताको आय आर्जन हुने खालका बिरुवा रोपणमा जोड दिईनेछ ।
- विपद् व्यवस्थापनको पूर्वतयारी, तथा प्रतिकार्य योजना बनाइ लागु गरिने छ । बाध्यात्मक रुपमा वसोवास गरीरहेका जोखिम युक्त वस्तीहरुलाई आवश्यकता अनुसार पहिचान र स्थानान्तरणका लागी तत्काल प्रभावितलाइ ब्यवस्थापन गर्न गाउँपालिका र वार्ड स्तरमा विपद ब्यवस्थापन कोष स्थापनालाई निरन्तरता दिइनेछ ।

- नोभल कोरोना भाइरसका कारण विश्व भरी फैलिएको माहामारी सँग जुँध्न आपतकालीन कोष स्थापना गरी सम्पुर्ण दाताहरुमा सहयोगको आह्वान सहित छुट्टै कोष खडा गरि विपत सँग जुँध्न आवश्यक पर्ने सामग्रीको व्यवस्थापनमा जोड दिइनेछ ।

<u>सुचना र संचार</u>

- सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ । निश्चित आधार तथा मापदण्ड निर्धारण गरी सञ्चार माध्यमहरुको वर्गीकरण तथा विशिष्टिकरण गरिने छ । स्थानीय एप.एम सञ्चालनमा अनुदान दिने निति अवलम्वन गरिनेछ ।
- सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिईनेछ । गाउँपालिकाका महत्तवपुर्ण र ऐतिहासिक पुरातात्तीक महत्तवका संरचना एवं धरोहरहरुको गाथा झल्किने खालका डकुमेन्टी ,सर्ट मुभि ,बृत्त चित्र जस्ता सामगृ निर्माण तथा उत्पादनमा जोड दिइनेछ ।
- सूशासन परियोजनाको सहयोगमा स्व साशन प्रवर्द्धनका लागि अनलाइन प्रणाली प्रयोगमा ल्याइनेछ । र गाउँपालिकाको आफ्नै मोवाइल एप, अडियो मेसेजिङ्ग प्रणाली, टेक्स्ट मेसेजिङ्ग प्रणाली, डाटा पोर्टल पुर्णतः प्रयोगमा ल्याइनेछ ।
- कार्यालयवाट प्रदान गरिने सेवाका वारेमा नागरिकको जानकारीका लागि सवै कार्यालयमा नागरिक वडापत्र डिजिटल सुचना पाटी को व्यवस्था गरिने छ । गाउँपालिकावाट संचालित रु.५ लाख सम्मका योजनाको फरफारक गर्दा वडाध्यक्षको उपस्थितीमा सार्वजनिक परिक्षण गरेर मात्र भुक्तानीको व्यवस्था गरिने छ भने सो भन्दा माथिका योजनाहरुको सम्वन्धमा गाउँकार्यपालिकाले तोकेको सदस्यको उपस्थितिमा सार्वजनिक परिक्षण गरेर सोका आधारमा मात्र योजना फरफारक गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- मासिक रुपमा प्रत्येक वडामा जनतासँग जनप्रतिनिधि कार्यक्रम गरेर र कम्तिमा एक चौमासिकमा एउटा पर्ने गरी गाउँपालिकाको आयोजनामा सार्वजनिक सुनुवाई गरी नागरिकको सुझावका आधारमा सेवा

प्रवाहलाई अझ गुणस्तर रुपमा अगाडी वढाईने छ । भने कार्यलाई गुणस्तर तथा प्रभावकारी वनाउन तालिम तथा अभिमुखि करणका माध्यमवाट क्षमता विकास गरिदै लगिनेछ ।

 स्थानीय रेडियो पत्रपत्रीका जस्ता संचार सामग्रीहरको प्रयोग गरी नोभल कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका उपायहरु वारे सचेतीकरण गर्न संचार माध्यमहरुको अधिकत्तम उपयोग गर्ने निति अवलम्वन गरिनेछ ।

## सुशासन  सेवा प्रवाह र जनशक्ती विकास

 गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट नेटवर्किङ्ग गर्दै ई-गभरनेन्स सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडाहरु मा इन्टरनेट जडानका कार्यहरु सम्पन्न भइसकेकोमा राजस्व असुली आन्तिरिक आम्दानीको व्यवस्थीत अभिलेखीकरण समेत सुशासन गरियोजनाको सहयोगमा इ सिफारिस समेत कार्यान्वयन गर्दै ई-गभरनेन्स सेवा कार्यान्वयनमा ल्याइनेछ ।

 गाउँपालिका भित्र भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिईनेछ ।

 सार्बजनिक प्रशासनमा न्युन जनशक्तीको अधिकतम प्रयोग गर्न व्यवस्थापकीय तालिम अन्तरगत कम्प्युटर तालीम ,कार्यालय ब्यबस्थापन तालीम प्रविधिकहरुका लागि अटोक्याट तालिम जस्ता तालिमहरुको आयोजना गरि कर्मचारीहरुलाई उच्च मनेवलका साथ काम गर्ने वातावरण सिर्जना गर्न चालु आ.व. मै आवश्यक व्यवस्था गरिएकोमा कोरोना माहामारीका कारण सम्पन्न हुन नसकेकाले उपयुक्त समयमा यस्ता जनशक्ति विकासका तालिमहरु संचालन गरिनेछन ।

 सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरीक खर्चलाई चुस्त बनाईनेछ  र कार्यालयवाट हुने सवै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ ।

**धन्यवाद ।**

प्रस्तुतकर्ता
डम्वरी देवी ओली
उपाध्यक्ष

मिति : २०७७।०३।०८ गते